# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

वुङ्चुङ, धादिङ
२०७४

बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०
चलानी नं.: २५३२

मिति : २०८०/०१/०४

**विषय : गाउँपालिका स्वयम् सेवक शिक्षक करार सम्झौता भंग, तथा तह समायोजन, शिक्षक समायोजन, शिक्षक सरुवा र अन्य गुनासा सम्बन्धमा कार्यलयको धारणा स्पष्ट पारिएको सम्बन्धमा ।**

श्री निवेदक गाउँपालिका स्वयम् सेवक शिक्षक ४१ जना सवै, शिक्षक पेसागत संघ संगठन सहित स्थायी शिक्षक सवै, सरोकार सामुदायिक विद्यालयहरु, सरोकार राजनीतिक दल, गाउँपलिका पदाधिकारी लगाएत सबै, सिद्धलेक बासी नागरिकहरु, सिद्धलेक गाउँपालिका, धादिङ ।

प्रस्तुत विषय सम्बन्धमा यस सिद्धलेक गाउँपालिकाको मिति २०७९।११।२९ र २०७९।१२।२७ को गाउँकार्यपालिका वैठक, मिति २०७९।१२।१३ को गाउँसभा वैठक र मिति २०७९।११।२८ र २०७९।१२।२८ को गाउँशिक्षा समितिको वैठकको निर्णय संगै कार्यालयको टिप्पणी निर्णय अनुसार सम्पादन भएका तथा हुँदै गरेका केही कामको सम्बन्धमा प्राप्त हुन आएका गुनासा तथा असन्तुष्टि सम्बन्धमा कार्यालयको स्पष्ट तथा आधिकारीक धारणा तपसिल बमोजिम रहेको हुँदा निवेदक तथा सरोकार सबै लाई स्पष्ट हुन तथा अवस्था लाई बुझि दिनुहुन को लागी यसै पत्र मार्फत जानकारी सहित अनुरोध गर्दछु ।

२०८०।०१।०४
परशुराम खतिवडा

(अध्यक्ष)

परशुराम खतिवडा
अध्यक्ष

## तपसिल

**(क) आन्तरीक करार (गाउँपालिका स्वयम् सेवक शिक्षक ४१ जना) हटाईएको विषय सम्बन्धमा ।**

१. २०७९ असाढको गाउँसभाले २०७९ मंसिरसम्म लाई मात्र पुग्ने गरी तलब विनियोजन गरेको र सोही अनुसार मंसिर पछि नरहने भन्ने नै हो । निरन्तरता दिने कुनै निर्णय छैन । तर हामीले शिक्षाका महत्वपुर्ण कार्यक्रममा विनियोजित रकम काटेर गत शैक्षिक सत्र २०७९ चैत्र सम्म लाई कार्यपालिकाको मिति २०७९।११।२९ को निर्णयले म्याद थप गरेको र मिति २०७९।१२।१३ को गाउँसभा वैठकबाट सो अवधिको म्याद थप तथा तलब खर्च अनुमोदन गरिएको छ ।

२. विषयगत समितिहरु, शिक्षा समिति, कार्यव्यवस्था परामर्श समिति र मिति २०७९।११।२९ को कार्यपालिका वैठक सम्म पनि यस विषयमा सबैको सहमती र निर्णय भएकै हो। सोही आधारमा मिति २०७९।१२।१३ को गाउँसभाले निर्णय गरेको छ। भने मिति २०७९।१२।२७ को कार्यपालिका निर्णयले सवै निर्णय कार्यन्वयन गर्ने गरी निर्देशन समेत गरेको र सोही अनुसार मिति २०७९।१२।२७ च.नं. २४२७ को पत्र मार्फत करार सम्झौता नविकरण नगर्ने गरी सवै विद्यालयलाई पत्राचार गरिएको छ।

३. हाल संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाड, सहित गाउँपालिकाको समग्र आन्तरिक आय रकम बजेटमा अनुमान गरे भन्दा धैरै घटेकै छ ,तथ्यबाट देख्न सकिन्छ ,यो देशव्यापी समस्या नै रहेको छ।

४. वित्तीय समानीकरण रकम सैद्धान्तिक रुपमा तलबभत्ता सहित चालु प्रकृतिको खर्चको लागी हुँदै होईन, यो पुजी निर्माण सहित विकास पुर्वाधारको बजेट हो। यसबाट खर्च लेखेर बेरुजु पनि आएको छ , आउछ , हामी बेरुजु सकेसम्म घटाउने पक्षमा छौं।

५. संघीय अर्थ मन्त्रालयको च.नं. ४२१ मिति २०७९।१०।१७ को खर्च कटौती परिपत्र निर्देशन, संघीयमामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३०५ मिति २०७९।१०।२० को परिपत्र निर्देशन पनि हामीले हाम्रो स्रोत हेरेर पालना गर्नुपर्ने बाध्यकारी व्यवस्था रहेको छ।

६. शिक्षक दरवन्दी संघले निश्चित मापदण्ड कानुन अनुसार स्वीकृत गरेको हुन्छ। सोही आधारमा सर्शत तर्फ बाट तलब निकाशा आउछ । हाम्रो गाउँपालिकाका विद्यालयको हकमा पनि यसै अनुसार भई राखेकै छ ,तर हालको हाम्रो समस्या लाई मध्यनजर गरी राष्ट्रिय शिक्षा नीति परिवर्तन सहित स्थानीय तहमा आवश्यक शिक्षक दरवन्दी थप गर्ने लगाएत सर्शत बजेट निकाशा बढाउने विषयमा हामी प्रदेश र केन्द्र सरकार सँग अझै जोड तथा पहल गर्नेछौं।

७. हाल ४१ जना गाउँपालिका स्वयम् सेवक शिक्षक घटे सँगै विद्यालयगत कुन,कुन विद्यालयमा के कस्तो समस्या, अवस्था छ, सो विषय अध्ययन गरी अति नै समस्या भएका सिमित विद्यालयहरु पहिचान गरी न्युन प्रकृतिको बजेट मात्र २०८० असारको सभामा पेश गरी विद्यालयलाई शिक्षा अनुदान दिने हो तलब, करार नियुक्ती भन्ने अब हुँदैन। हालको शिक्षा नीति परिवर्तन नभए सम्म करार शिक्षक दरवन्दी स्विकृत गर्न र तलब निकाशा गर्न कानुनत मिल्दैन।

८. बिना ओ.एण्ड एम(O & M), आर्थिक विश्लेषण नगरी गाँउपालिकाले सबै क्षेत्रमा जनशक्ती करार गरेर वर्तमान सहित दिर्घकालिन रुपमा धान्न सक्दैन, यो सबै तहबाट बुझिदिनु पर्छ। किनकी, करार जनशक्तीको लागी योगदानमा आधारीत सामाजिक सुरक्षा रकम, लगाएत अन्य प्रकृति थप दायित्व भार समेत वार्षिक रुपमा थपिदै जान्छ, जस बाट चालु खर्चको

२०८०।१।०४

परशुराम खतिवडा
अध्यक्ष

अत्यधिक बोझ गाउँपालिकालाई पर्न गई विकास बजेट न्युन हुन्छ। त्यसैले जति सकिन्छ हामी अब जनताको माग अनुसारका विकासका काममा लाग्छौ , लाग्नुपर्छ।

९. बिना अध्ययन, विश्लेषण आजै यसो गर्नुहोस भन्ने दवावले हुँदैन। यो गाउँकार्यपालिका,विषयगत समितिहरु, गाउँसभाको विधिवत प्रकृया चरणगत छलफल बाट सबै निर्वाचित पदाधिकारीले प्रचलित कानुन, विद्यमान आर्थिक अवस्था समेत लाई अध्ययन गरी गरेको निर्णय हो। जन निर्वाचित कार्यपालिका र सभाको सार्वभौम अधिकार भित्र रहि गरेको निर्णय सबैले मान्नुपर्छ।

१०. आगामी आ.व. २०८० असारको बजेट बनाउँदा हामी राजनीतिक दल लगाएत सरोकारवाला सबैसँग यस विषयमा छलफल गर्छौ। साथै हाल गाउँपालिकाको निर्णय सँगै करार सम्झौता भंग भएका ४१ जना स्वयम सेवक शिक्षक लाई परेको तत्काल रोजगारको समस्या प्रति गाँउपालिका परिवार चिन्तित छ। अब रिक्त हुने निजी श्रोत तर्फका करार शिक्षक पदमा पदपुर्ति गर्दा विगत देखी त्यस्ता करार सेवा गरेका शिक्षकको सुचि सार्वजनिक गरेर सामुदायीक विद्यालयलाई प्रचलीत कानुनको आधार र मापदण्ड सहित उच्च प्राथामिक्ता दिनेगरी आन्तरिक नीति मार्फत निर्देशित गरिने छ।

**११. तह समायोजन सहित शिक्षक समायोजन (दरबन्दी मिलान) शिक्षक सरुवा सम्बन्धमा।**

मिति २०७९।१२।२७ को कार्यपालिका निर्णय सहित १२।२८ को गाउँशिक्षा समितिको वैठक निर्णय कार्यन्वयनमा केही विवाद सृर्जना भए सगै आजै मिति २०८०।०१।०४ को गाँउशिक्षा समिति को वैठकमा उपाध्यक्ष सहित सवै वडा अध्यक्ष, शिक्षण क्षेत्रका पेशागत संघ संगठन का प्रतिनिधि समेत सहभागी गराई भएको छलफल, छलफल सगै भएका निर्णय अनुसार तह समायोजन , शिक्षक समायोजन दरवन्दी मिलान कार्य सम्पन्न भएको वाकी सरुवा सहित दरवन्दी मिलानका विषयमा उपाध्यक्ष श्री सविता अर्यालको नेतृत्वमा शिक्षक संघ, संगठन र शिक्षा शाखा प्रमुख सहितको कार्यदलले दिएको सुझाव तथा प्रतिवेदन समेत लाई आधार लिई प्रचलीत कानुन, मापदण्ड समेतको अधारमा आगामी गाउ शिक्षा समितिको वैठकको निर्णय अनुसार कार्यन्वयन गरिने छ।

**१२. असन्तुष्ट गाउसभा र कार्यपालिका सदस्यहरु प्रति अनुरोध यस प्रकार छ।**

मिति २०७९।१२।१३ को १२ औ गाउसभा तथा मिति २०७९।१२।२७ को १० औ कार्यपालिका वैठकमा क्रमश केही सभा सदस्यहरु र केही कार्यपालिकाका सदस्यहरु अनुपस्थित हुदा वैठकमा जुन हुनुपर्ने एकता, खुशी, रौनक सहित सर्वसम्मतीको माहोलमा अवरोध पुगेको प्रति दुःख व्यक्त गर्दछौ। हामी सवै पदाधिकारीहरु ५ वर्ष को लागी सिद्धलेक गाउपालिकाको भविश्य निर्माण गर्ने गरी नागरीकको जनमत वाट निर्वाचित भई आएको र यस अगाडी हामी सवै मिलेर नै सग सगै हिडेको

२०८०/०१/०४
परशुराम खतिवडा
अध्यक्ष

# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धुनिबेंसी, धादिङ

बागमती प्रदेश, नेपाल

अवस्था लाई पुन निरन्तरता दिन अनुरोध गर्दछौ। स्थानीय तहमा सत्तापक्ष र विपक्ष भन्ने नहुने तर फरक राजनीतिक परिवेश वाट आए सगै केही केही विषय, ऐजेण्डा तथा मुद्धाहरु फरक हुन सक्छन, त्यस्ता फरक विषय लाई पनि गहन अध्यन गरी साझा हित र साझा चासोका रुपमा लिई हामी सवैको मेलमिलाप र एकता सगै वैठकमा छलफल मार्फत सहमती नजिक पुग्न सकिने हुदा असन्तुष्ट सदस्य ज्युहरु सवै लाई अवका वैठकमा नियमित रुपमा आई सहभागीहुन आफ्ना विचार व्यक्तगर्न,असहमतीका विषयमा फरकमत राख्न हाद्रिधिक अपिल गर्दछौ । यस्ता विषयमा सहयोग गर्नको लागी सरोकार राजनीतिक दल प्रर्ति पनि अनुरोध गदै हामीहरु सवै तह र तप्का वाट भएका कमी कमजोरी लाई मनन् गरी अवका वैठकमा कोही उपस्थित हुने कोही उपस्थित नहुने नभै सवै जना अनिवार्य उपस्थित भई खुल्ला छलफल तथा वहस वाट समाधान गर्न सवै लाग्नको लागी अनुरोध गर्दछौ।

२०८०।०९।०८

परशुराम खतिवडा

(अध्यक्ष)

परशुराम खतिवडा

अध्यक्ष